# राष्ट्रिय मानव अधिकार आयोग
# National Human Rights Commission of Nepal

केन्द्रीय कार्यालय (Central Office)

हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस विज्ञप्ति

२०७६ जेठ १३

### भयरहित वातावरणमा बाँच्न पाउने अधिकारको संरक्षण गर ।

देशको राजधानी तथा मोरङ, मकवानपुर, तनहुँ, पोखरा, नवलपरासी (पुर्व), बैतडी, सुर्खेत, सर्लाही, सिन्धुली लगायतका जिल्लाहरूमा हिजो र आज भएको बम विष्फोट, आगजनी तथा तोडफोडका घटनाहरूबाट भएको जनधनको क्षतिप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

बम विष्फोटका घटनाहरूबाट काठमाडौंमा ४ जनाको मृत्यु भएको, विभिन्न ठाउँमा भएका विष्फोट, आगजनी तथा बम आक्रमणका घटनाबाट ८ जना घाइते भएको सञ्चार अनुगमनबाट बुझिएको छ । देशभरका विभिन्न ठाउँमा भेटिएका विष्फोटक पदार्थका कारण नागरिकमा भय र त्रासको वातावरण सिर्जना भई स्वतन्त्र र निर्भयपूर्वक आवतजावत गर्न कठिनाई सिर्जना भएको छ । नेपाल कम्युनिष्ट पार्टी (विप्लव) द्वारा आव्हान गरिएको बन्दले जनजीवन कष्टप्रद बनेको छ । सार्वजनिक यात्रुबाहक बस लगायत विभिन्न सवारी साधनहरूलाई लक्षित गरी बम आक्रमण गर्दा केही सवारी साधनमा क्षति पुगेको पाइएको छ ।

यी घटनाहरुबाट मानव अधिकारको विश्वव्यापी घोषणा पत्र १९४८, नागरिक तथा राजनीतिक अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६, नेपाल पक्ष बनेका अन्तर्राष्ट्रिय महासन्धिहरू, नेपालको संविधान २०७२ को धारा १६ मा उल्लिखित सम्मानपूर्वक बाँच्न पाउने व्यक्तिको अधिकारको उल्लंघन भएको छ ।

कुनै पनि विमति, द्वन्द्व वा संघर्षको स्थितिलाई प्रतिद्वन्द्व वा हत्या हिंसा, आगजनी र तोडफोडयुक्त कार्यबाट भन्दा वार्ता र संवादबाटै निराकरण गर्न सकिनेमा आयोग विश्वस्त छ । अत: बन्द, निषेध र हिंसाको राजनीतिबाट कोही कतै पनि पुग्न नसक्ने हुँदा त्यसलाई पूर्णत: वर्जित गरी शान्तिपूर्ण वातावरणमा बाँच्नपाउने व्यक्तिको नैसर्गिक अधिकारको सम्मान र संरक्षण गर्न आयोग सम्बन्धित पक्षलाई आग्रह गर्दछ । साथै, उल्लेखित घटनाहरूमा जीवन गुमाउन पुगेका व्यक्तिहरूको परिवारलाई उचित राहत प्रदान गर्न, घाइतेहरूको नि:शुल्क र प्रभावकारी उपचार गराउने व्यवस्था गर्न तथा क्षतिग्रस्त सम्पत्तिको मूल्यांकन गरी उचित राहत तथा क्षतिपूर्ति प्रदान गर्न समेत आयोग नेपाल सरकारलाई आग्रह गर्दछ ।

वेद भट्टराई
सचिव


फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone : +977-1-5010015, Fax : +977-1-5547973, G.P.O. Box : 9182, Kathmandu, Nepal
Email : nhrc@nhrcnepal.org, Website : www.nhrcnepal.org